नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं

# धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (छैठौं संशोधन) नियमावली, २०८२

धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनिय भएकोले,

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरू बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (छैठौं संशोधन) नियमावली, २०८२" रहेको छ ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम १० मा संशोधनः</u> धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १० को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "सम्वत् २०८२ साल असार मसान्तभित्र" भन्ने शब्दहरूको सट्टा "सम्वत् २०८२ साल चैत्र मसान्तभित्र" भन्ने शब्दहरू राखिएका छन्।

३. <u>मूल नियमावलीमा नियम ११क. थपः</u> मूल नियमावलीको नियम ११ पछि देहायको नियम ११क. थपिएकोछः-

"११क. <u>धितोपत्रको सार्वजनिक निष्काशन गर्न अनुमति दिन सक्नेः</u> यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले अनुमतिपत्र प्राप्त धितोपत्र व्यापारीलाई धितोपत्रको सार्वजनिक निष्काशन गर्न अनुमति दिन सक्नेछ।"

४. <u>मूल नियमावलीको नियम १७ मा संशोधनः</u> मूल नियमावलीको नियम १७ को खण्ड (क) मा रहेका "हासिल गरी" भन्ने शव्दहरूको सट्टा "हासिल गरेको र" भन्ने शव्दहरू राखिएका छन।

५. <u>मूल नियमावलीको नियम १८ मा संशोधनः</u> मूल नियमावलीको नियम १८ को खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर क वर्गको बैंक वा विशेष ऐनद्वारा स्थापित वित्तीय संस्थाले धितोपत्र व्यवसाय गर्न सहायक कम्पनी स्थापना गरेकोमा त्यस्तो सहायक कम्पनीमा त्यस्तो बैंक वा वित्तीय संस्थाको कर्मचारीलाई सञ्चालक नियुक्त गर्न बाधा पर्ने छैन।"

६. <u>मूल नियमावलीको नियम २७ मा संशोधनलः</u> मूल नियमावलीको नियम २७ को,-

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

(१) उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग)खण्ड (क) बमोजिमको कार्य गर्ने धितोपत्र दलालले सम्बन्धित ग्राहकको नामबाट ग्राहकको आदेश अनुसार धितोपत्र खरिद वा बिक्री गर्न, प्रचलित धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली बमोजिम निक्षेप सदस्यले गर्ने कार्य गर्न, मार्जिन कारोबार सम्बन्धी कार्य गर्न र धितोपत्रको राफसाफ सदस्य सम्बन्धी कार्य गर्न सक्नेछ।"

(२) उपनियम (१) को खण्ड (घ) झिकिएको छ।

(३) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको कार्य गर्ने धितोपत्र दलालले उपनियम (१) को खण्ड (ग) बमोजिमको कार्यका अतिरिक्त बोर्डबाट अनुमति लिई लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्न, लगानी परामर्श सेवा सम्बन्धी कार्य गर्न तथा योग्य संस्थागत लगानीकर्ताको रूपमा कार्य गर्न सक्नेछ"।

७. <u>मूल नियमावलीको नियम ३२ मा संशोधन</u>ः मूल नियमावलीको नियम ३२ को उपनियम (१) मा रहेका "धितोपत्र कारोबार सेवा उपलब्ध गराए बापत" भन्ने शब्दहरूको सट्टा "धितोपत्र कारोबार, लगानी व्यवस्थापन तथा लगानी परामर्श सेवा उपलब्ध गराए बापत" भन्ने शब्दहरू राखिएका छन।

८. <u>अनुसूचीमा संशोधनः</u> मूल नियमावलीको,-

(१) अनुसूची-७ को बुँदा नं. १ को खण्ड (ग) मा रहेका "प्रमुख र" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) अनुसूची- १४ को,-

(क) बुँदा नं. ५ मा रहेका "प्राप्त गरेको" भन्ने शब्दहरूको सट्टा "प्राप्त गरेको तथा लगानी व्यवस्थापन र लगानी परामर्श सेवा प्रदान गर्दा प्राप्त गरेको" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) बुँदा नं. ६ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर लगानी व्यस्थापन र लगानी परामर्श सेवा प्रदान गरे बापत ग्राहकबाट लिने सेवा शुल्क धितोपत्र दलाल तथा सम्बन्धित ग्राहक बीच भएको सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।"